# सुनिलस्मृती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

सूचना नं. ३० 	लुम्बिनी प्रदेश, नेपाल

**नि:शुल्क जग्गा प्राप्ति सम्बन्धि सार्वजनिक सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०३)

सुनिलस्मृति गाउँपालिका वडा नं. ६ पानीपोखरामा अवस्थित श्री जनकल्याण आधारभुत विद्यालय सुनिलस्मृति गाउँपालिका ६ पानीपोखरा, रोल्पाको भवन निर्माणका लागि जग्गा आवश्यक भएकोले तपशिलमा उल्लेखित शर्त बमोजिम नि:शुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा आफुले उपलब्ध गराउन चाहेको जग्गाको जग्गाधनी पूर्जा, क्षेत्रफल, अवस्थिति र प्रकृति लगायतको विवरण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरुः

१. नि:शुल्क रुपमा उपलब्ध गराउने जग्गाको क्षेत्रफल कम्तिमा ४०५ वर्गमिटर हुनुपर्ने छ ।

२. एक वा एक भन्दा बढी जग्गादाताहरुले साधैं सिमाना मिलाएर जग्गा उपलब्ध गराउन सकिने छ ।

३. कम्तिमा ६ मिटर बाटोले छोएको वा विस्तार गर्न सकिने जग्गा हुनुपर्नेछ ।

४. खोला तथा जोखिमक्षेत्र नभएको, खानेपानी एवं विद्युत सेवा विस्तार भएको वा गर्न सकिने हुनुपर्नेछ ।

५. जग्गा निम्न चारकिल्लाभित्र रहनुपर्नेछः-

क) पूर्वमाः- दक्षिणतिर जाने गोरेटो बाटो

ख) पश्चिममाः- विद्यालयको कक्षा ६ र ७ को भवन

ग) उत्तरः- पानि पोखरी

घ) दक्षिणः- विद्यालयको कक्षा १-५ को भवन

६. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः-

च) जग्गाधनी प्रमाणपत्रपूर्जाको प्रतिलिपि,

छ) नक्साको प्रतिलिपि,

ज) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

झ) मञ्जुरीनामा (आवश्यक हुनेमा मात्र),

ञ) आवश्यक अन्य कागजातहरु,

७. जग्गा प्राप्तिको उपयुक्तताको सम्बन्धमा गाउँकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

२०८२/०८/०३

(नगेन्द्र प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत